नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

अनुसूची-१२
(नियम २९ को उपनियम (१) संग सम्बन्धित)

HBC- Himalayan Brokerage Company Ltd.
Stock Broker No. 63
Dillibazar-30, Kathmandu, Nepal
Hotline: 01-5970462, 01-5970463
E-mail: info@himalayanbrokerage.com
Website: www.himalayanbrokerage.com

# Details of Natural Person
# प्राकृतिक व्यक्तिको परिचय विवरण

हालसालै खिचिएको फोटो

## For Official Use Only/ कार्यालय प्रयोजनको लागि मात्र

Client's A/c No. : / ग्राहक नं.: ____ Reference No.: / संकेत नम्बर : ____ Date : / मिति : ____

Please complete all details and strike out the non-applicable fields/boxes.
तल उल्लेखित सम्पूर्ण विवरण राम्रो संग भर्नु पर्नेछ। आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला।

Himalayan Brokerage Company Ltd.
हिमालयन ब्रोकरेज कम्पनी लि.

.................................................

## Details of Client / ग्राहकको विवरण

Name (In Block Letter) / नाम / थर: ____

Date of Birth / जन्म मिति: B. S. / बि. सं. Y Y Y Y M M D D    A. D. / ई. सं. D D M M Y Y Y Y

Gender / लिङ्ग: ☐ Male / पुरुष ☐ Female / महिला ☐ Others / अन्य ____

Nationality / राष्ट्रियता: ☐ Nepalese / नेपाली ☐ Others (if any) / अन्य (खुलाउने) ____

Citizenship No. / नागरिकता नं. ____ Issue Date / जारी मिति ____ Issue District / जारी जिल्ला ____

Birth Certificate No. / जन्मदर्ता नं. ____ Issue Date / जारी मिति ____ Issue District / जारी जिल्ला ____

Beneficiary ID No. / हितग्राही खाता नं. ____

Permanent Account No. (PAN) / स्थायी लेखा नं. ____

For Non Residental Nepalese: ID No. & Address / गैर आवासिय नेपालीको हकमा : परिचयपत्र नं. र ठेगाना ____

## Permanent Address / स्थायी ठेगाना

Country / देश ____ Province / प्रदेश ____ District / जिल्ला ____

Rural Mun./Municipality/Sub. Metropolitan City Metropolitan city / गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. ____

Ward No. / वडा नं. ____ Street/Tole / मार्ग/टोल ____ Block No. / ब्लक नं. ____ Telephone No. / टेलिफोन नं. ____

Mobile No. / मोबाइल नं. ____ E-mail ID / ईमेल ____

## Current Address / हालको ठेगाना

Country / देश ____ Province / प्रदेश ____ District / जिल्ला ____

Rural Mun./Municipality/Sub. Metropolitan City Metropolitan city / गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. ____

Ward No. / वडा नं. ____ Street/Tole / मार्ग/टोल ____ Block No. / ब्लक नं. ____ Telephone No. / टेलिफोन नं. ____

Mobile No. / मोबाइल नं. ____ E-mail ID / ईमेल ____

## Family Details / परिवारको विवरण (ठाउँ नपुग भएमा थप गर्न सकिने)

| S.No. क्र.सं. | Relation नाता | Name, Surname नाम, थर |
|---|---|---|
| 1 | Father (In block letter) बुबा | |
| 2 | Grand Father (In block letter) हजुरबुवा | |
| 3 | Mother (In block letter) आमा | |
| 4 | Spouse (In block letter) पति / पत्नी | |
| 5 | Son (In block letter) छोरा | |
| | | |
| 6 | Daughter (In block letter) छोरी (अविवाहित) | |
| | | |
| 7 | Daughter in-Law's (In block letter) बुहारी | |
| (विवाहिता महिलाको हकमा) | | |
| 8 | Father in-Law's (In block letter) ससुरा | |
| 9 | Mother in-Law's (In block letter) सासु | |

## Bank Account Details / बैंक खाताको विवरण

Types of Account बैंक खाताको किसिम ☐ Saving Account बचत खाता ☐ Current Account चल्ती खाता ☐ Others अन्य

Bank Account Number बैंक खाता नम्बर ________ Bank Branch बैंकको शाखा ________

Name of Bank बैंकको नाम ________

## Occupation Details / पेशागत विवरण

Occupation पेशा

☐ Govt. सरकारी ☐ Public/Private Sector सार्वजनिक / निजी क्षेत्र ☐ NGO/INGO एन.जी.ओ. / आई.एन.जी.ओ. ☐ Expert विशेषज्ञ ☐ Service सेवा ☐ Legal कानूनी

☐ Businessperson व्यापारी ☐ Agriculture कृषि ☐ Retired सेवा निवृत्त ☐ House Wife गृहिणी ☐ Student विद्यार्थी ☐ Others अन्य ________

Types of Business व्यापारको प्रकार ☐ Manufacturing उत्पादन ☐ Service Oriented सेवामुखी ☐ Others अन्य ________

Name of Organization संस्थाको नाम ________

Address ठेगाना ________ Designation पद ________

ID No. of Employee कर्मचारीको हकमा कर्मचारी परिचयपत्र नं. ________

## For Non Resident Nepalese / गैर आवासिय नेपालीका लागि

| | | | |
|---|---|---|---|
| वैदेशिक ठेगाना : Foreign Address : | | | |
| सहर : City : | | राज्य : State : | |
| देश : Country : | | गैरआवासिय कोड नं. : NRN Code No.: | |

## Transaction Related Additional Information / कारोबार सम्बन्धि थप विवरण

१. आम्दानीको श्रोत ☑ लगाउनुहोस् : ☐ व्यवसायिक आम्दानी ☐ तलब/पारिश्रमिक ☐ लगानी प्रतिफल ☐ धितोपत्र कारोबार

☐ घर भाडा ☐ विप्रेषण ☐ पैतृक ☐ ब्याज ☐ अन्य उल्लेख गर्नुहोस् ..........................................................................

२. अन्य धितोपत्र दलाल कम्पनीमा कारोवार गर्ने गरेको : ☐ छ ☐ छैन

## Financial Details / आर्थिक विवरण

Income Limit (Annual Details)
आयको सिमा (वार्षिक विवरण)

☐ Upto 5,00,000 / रु. ५,००,००० सम्म
☐ From 5,00,001 to Rs. 10,00,000 / रु. ५,००,००१ देखि रु. १०,००,००० सम्म
☐ Above 10,00,000 / रु. १०,००,००० भन्दा माथि

Involvement in Investment companies which were established for securities trading (If yes mention below) ☐ Yes ☐ No
धितोपत्र खरिद बिक्री गर्ने मुख्य उद्देश्यले स्थापित इन्भेष्टमेन्ट कम्पनीमा संलग्न (भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्ने ।) ☐ छ ☐ छैन ।

Name of the Company
कम्पनीको नाम

Designation / पद: ☐ Director / सञ्चालक ☐ Executive / पदाधिकारी ☐ Shareholder / शेयरधनी ☐ Employee / कर्मचारी ☐ Others / अन्य

## Guardian's Details (In case of Minor only) / संरक्षकको विवरण (नाबालकको हकमा मात्र)

Name (In Block Letter)
नाम/थर

Relationship with applicant
निवेदकसंगको सम्बन्ध

Correspondence Address
पत्राचार ठेगाना

Country / देश
Province / प्रदेश
District / जिल्ला

Rural Mun./Municipality/Sub. Metropolitan City
Metropolitan city
गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

Ward No. / वडा नं.
Street/Tole / मार्ग/टोल
Telephone No. / टेलिफोन नं.

Fax No. / फ्याक्स नं.
Mobile No. / मोबाइल नं.

E-mail ID / ईमेल
Permanent Account No. (PAN) / स्थायी लेखा नं.

.......................................................
Guardian's Signature संरक्षकको हस्ताक्षर

## Location Map of Present Residence / हाल बसोबास रहेको स्थानको नक्सा

Please draw from the nearest landmark.
नजिकको मुख्य चोकबाट देखाउनुहोला

N उ

From main road street ................................................................................ the distance of the residence is .................. meters (approximately)

Google Plus Code :

## सम्पति शुद्धिकरण तथा आतङ्ककारी क्रृयाकलापमा वित्तिय निवारण सम्बन्धी थप विवरण

१. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्ति हुनुहुन्छ ? ☐हो ☐होईन

२. के तपाई राजनैतिक वा उच्च पदस्थ सँग सम्बन्धित हुनुहुन्छ ? ☐छ ☐छैन

सम्बन्धित राजनैतिक/उच्च पदस्थ व्यक्तिको नाम ........................................ तपाईसँगको सम्बन्ध ........................

३. के तपाईको हिताधिकारी व्यक्ति छ ? ☐छ ☐छैन

हिताधिकारी व्यक्तिको नाम ........................................ तपाईसँगको सम्बन्ध ........................

४. के तपाई विगतमा कुनै सम्बन्द्ध कसुरमा दोषि प्रमाणित हुनु भएको छ ? ☐छ ☐छैन

सम्पति सुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा २ को खण्ड (श) बमोजिमका कसुरहरु छ भने कृपया उल्लेख गर्नुहोस् ........................................

### धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु।

१. म/हामीले धितोपत्र खरिदकालागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।
२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।
३. म/हामीले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु ।
४. म/हामीले धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गर्नेछु ।
५. म/हामी कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छु /छैन ।
६. सम्पति सुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ र यस अन्तर्गत जारि भएका नियमावली तथा निर्देशन आदिबाट माग भए अनुसारका सूचना, विवरण तथा कागजातहरु कम्पनीलाई उपलब्ध गराउने छु/छौं ।
७. कम्पनीलाई गर्नु पर्ने भुक्तानी नगरि बाँकी राखेको कारणबाट मेरो/हाम्रो कारोवार अन्य धितोपत्र दलाल कम्पनीहरुमा समेत निलम्वन गर्न पत्राचार र परिपत्र गर्न मेरो मञ्जुरी छ ।

### ग्राहक आफू वा आफ्नो परिवारका कुनै सदस्य संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख वा लेखापरीक्षक वा कम्पनी सचिव वा व्यवस्थापन वा लेखासँग सम्बन्धित कार्यमा विगतमा वा हाल प्रत्यक्ष रुपले संलग्न रहेको भएका सोको विवरण

| क्र.सं. | नाम तथा नाता | संस्थाको नाम | पद | कहिले देखी | कहिल सम्म |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### संलग्न गर्नु पर्ने कागजात

१. नेपाली नागरिकहरुको हकमा नागरिकताका प्रमाणपत्रको प्रतिलिपी ।
२. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपी ।
३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुवैको फोटो ।
४. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात ।
५. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।
७. कुनै सस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपि ।
८. बैंक चेकको प्रतिलिपी । (Copy of bank's cheque)
९. डिम्याट खाता विवरणको प्रतिलिपी । (Copy of dmat account)

मथि उल्लेखित ग्राहक पहिचान (केवाइसी) विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला,बुझाउँला ।
I/We hereby acknowledge that the above disclosed KYC details are true. I/We further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us.

| Thumb Print औंठा छाप | |
|---|---|
| Right दायाँ | Left बायाँ |
| | |

............................................ Client's Signature ग्राहकको हस्ताक्षर

............................................ Date मिति

सिफारिस कर्ताको नामः ........................................

फोन नं.: ........................................

### For office use only / कार्यालय प्रयोजनको लागि मात्र

रुजु गर्नेः
नाम, थरः
पदः
हस्ताक्षरः
मितिः

कार्यालयको छाप

प्रमाणित गर्नेः
नाम, थरः
पदः
हस्ताक्षरः
मितिः

# धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० सँग सम्बन्धित
# कारोबार सदस्य र ग्राहक बीचको सम्झौतापत्र

आज ......................... बार, मिति ......................... का दिन कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडको कारोबार सदस्य रहेको काठमाडौं-०१, डिल्लीबजारमा रजिस्टर्ड कार्यालय भएको श्री हिमालयन ब्रोकरेज कम्पनी लि. (उप्रान्त प्रथम पक्ष भनिनेछ)

तथा

प्रमथ पक्ष मार्फत धितोपत्रको कारोबार गर्न/अनलाईन सुबिधा प्रयोग गर्ने स्थायी लेखा नं. (PAN) :..........................................................................................हितग्राही खाता नम्बर ...................................................................................................................................... तथा ग्राहक संकेत नम्बर (यूनिक क्लाईन्ट कोड) .....................................................................................रहेको ........................................................................................ स्थायी ठेगाना भई हाल .......................................................स्थानमा बसोबास गर्ने श्री .............................................................................................................. को नाती/नातीनी/बुहारी श्री ................................................... को छोरा/छोरी वर्ष............................को श्री .........................................................................................................................
खाता रहेको बैंकको नाम/ठेगाना ...................................................................... खाता नम्बरः.........................................................................................
(उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र /वा कानुनी प्रतिनिधि समेतलाई जनाउने), बीच नेप्सेको कारोबार प्रणालीबाट कारोबार हुने विधि र आफैले कारोबार गर्ने सम्बन्धमा दोस्रो पक्षसँग आवश्यक ज्ञान रहेको मानी यो सम्झौता (उप्रान्त सम्झौता भनिने छ) सम्पन्न भएको छ।

यस सम्झौताका पक्षहरु निम्न लिखित शर्तहरु पालना गर्न मञ्जुर छन्।

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत नियमक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरूले सोको पालना गर्न मञ्जुर गर्दछन्।

२. दोस्रो पक्षले यस सम्झौता गर्दाको बखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (केवाइसी) मा भरेको विवरणमा कुनै फेरबदल भए, फेरबदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ।

३. दोस्रो पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाँट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोबार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ।

४. दोस्रो पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा दोस्रो पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउनेछ। प्रथम पक्षले उपलब्ध गराएको वा सो पश्चात दोस्रो पक्षले परिवर्तन गरेको युजरनेम वा पासवर्ड को गोपनीयता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ।

५. दोस्रो पक्षले बिक्री कारोबार गर्दा मौज्दातमा धितोपत्र रहेको कुनै एक हितग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ। र उक्त खाता अन्य धितोपत्र कारोबार सदस्यलाई दिने छैन। यदि एउटै खाता अन्य धितोपत्र कारोबार सदस्यलाई दिइ हुने जोखिमको जिम्मेवारी दोस्रो पक्षले लिने छ र सो बाट उत्पन्न हुने दायित्वहरुको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. दोस्रो पक्षलाई दिएको युजरनेमबाट भए गरेको सम्पूर्ण कारोबारहरुको दायित्व बहन गर्ने तथा सोको समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

७. दोस्रो पक्षलाई प्रदान गरिएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानि नोक्सानी भएमा सो प्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ।

८. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरु को EDIS मार्फत ट्रान्सफर गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ। यसरी बिक्रि भएका धितोपत्रहरुको हस्तान्तरण दोस्रो पक्षले राफसाफ समय एक दिन पूर्व प्रथम पक्ष को राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोबारको राफसाफ हुन नसकेमा सो बाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्नेछ।

९. दोस्रो पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ। आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानुनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी दोस्रो पक्षले व्यहोर्नु पर्नेछ।

१०. दोस्रो पक्षले बिक्री गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथम पक्षले धितोपत्र खरिद बिक्री सम्बन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले तेस्रो पक्षलाई भुक्तानी गर्नेछ।

११. दोस्रो पक्षले खरिद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नुपर्नेछ। दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको ४ (चार) गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्नेछ। उक्त कारोबार सीमा दोस्रो पक्षले बुझाएको रकम चार गुणाभन्दा बढी हुने छैन।

१२. दोस्रो पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ।

१३. दोस्रो पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोबार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

१४. दुबै पक्षको आपसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई यस्तो कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोबारयोग्य धितोपत्रहरुको को माध्यमबाट पनि गर्न सक्नेछ। यस्तो धरौटी दोस्रो पक्षले आफ्नो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्नेछ।

१५. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबारयोग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशतसम्म गर्न सकिने छ। धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको कारोबार सीमा दोस्रो पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्ने छ।

१६. खरिद कारोबारपछि बाँकी रहेको रकम खरिद बिल बमोजिम दोस्रो पक्षले टि+१ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। यसरी रकम उपलब्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा दोस्रो पक्षलाई हुनेछ।

१७. खरिद कारोबार पश्चात दोस्रो पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्व पूरा नगरेमा टि+३ पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराई दोस्रो पक्षकै नाममा खरिद गरिएको तथा जमानतमा दिइएको धितोपत्र बिक्री, बैंक जमानत बाट रकम र सोको लागत बापतको सोधभर्ना र नपुग रकम कानून बमोजिम असुल उपर गरी लिन सक्नेछ।

१८. दोस्रो पक्षको धितोपत्र बिक्री गरी प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा दोस्रो पक्षको अग्रिम भुक्तानी सम्मको रकम दोस्रो पक्षलाई फिर्ता गरी थप रकम बाँकी रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ मा तोकिए बमोजिम हुनेछ।

१९. दोस्रो पक्षले खरिद गरेको धितोपत्र खरिद बाट सिर्जित दायित्वहरू पूरा गरेपछि वा कारोबारको राफसाफको दिन मध्ये जुन पछि हुन्छ सोको भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नुपर्ने छ।

२०. दोस्रो पक्षको नामबाट कारोबार भए पश्चात दोस्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मगज बिग्रिएमा वा अन्य कुनै कारणबाट दोस्रो पक्षको नामबाट भएका कारोबारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ। कानूनी उत्तराधिकारीबाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रथम पक्षको दस्तखत ........................................................................................ दोस्रो पक्षको दस्तखत ..........................................................................................

२१. नियमन निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोबारहरु स्वतः रद्द हुनेछ । सोको दायित्व प्रथम पक्षले वहन गर्ने छैन ।

२२. दोस्रो पक्ष नाबालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनैपनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२४. दोस्रो पक्षले आफ्नो कारोबारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्त गर्न सक्ने छ सो प्रतिनिधिबाट भएका सम्पूर्ण कारोबारहरु निज दोस्रो पक्षले नै गरे सरह मान्य हुनेछ ।

२५. धितोपत्रमा गरिने लगानीमा जोखिम हुन्छ भन्ने कुरामा दोस्रो पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोस्रो पक्षनै जिम्मेवारी रहनेछ ।

२६. दोस्रो पक्षले निम्नलिखित माध्यमबाट कारोबार आदेश दिन सक्नेछ

क) स्वयं उपस्थित भई लिखित आदेश .................................... ख) टेलिफोन ..........................................................................................

ग) मोबाइल फोन ........................................................... घ) इमेल ..............................................................................................

ङ) दोस्रो पक्षको युजरनेम .................................................. च) प्रथम पक्षको वेबसाइट www.himalayanbrokerage.com

छ) अन्य विद्युतीय माध्यम ..................................................

प्रथम पक्षले उल्लेखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टि गर्नेछ । नियम अनुसार उक्त आदेशहरूको सुरक्षित रेकडिङ्ग तथा भण्डारण प्रथम पक्षले गर्न सक्नेछ ।

२७. दोस्रो पक्षको मार्जिन कारोबार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी सर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२८. दोस्रो पक्षले धितोपत्र कारोबार गर्दा उक्त धितोपत्र कारोबार गर्न प्रचलित कानून बमोजिम आफू योग्य रहेको र सो धितोपत्रमा आफूले कानुन बमोजिम धारण गर्न सक्ने सिमा भित्र रही खरिद आदेश प्रविष्टि गर्नुपर्नेछ । सो नगरेबाट सिर्जित परीणाम तथा दायित्व दोस्रो पक्ष हुनेछ ।

२९. प्रचलित नीति नियममा उल्लेख भएअनुसार वा सम्बन्धित निकायहरूबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयावधिभित्र प्रथम पक्षलाई बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछ । दोस्रो पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरिने रकमहरू मात्र धितोपत्रमा लगानी गर्नु पर्नेछ ।

३०. पक्षहरुबीच आपसी सहमतिमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ–आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ ।

३१. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारो्बार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ । यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३२. यस सम्झौताअनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार, दोस्रो पक्षको अध्यावधिक ठेगाना वा उपलब्ध गराएको इमेल वा मोबाईलमा एस.एम.एस. पठाए पश्चात दोश्रो पक्षले जानकारी पाए सरह हुनेछ ।

३३. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षेतिपुर्याउने कुनैपनि कार्य गर्ने छैनन् ।

३४. दोस्रो पक्षले खरिद गरिएको शेयरको भुक्तान प्रथम पक्षलाई समयमै गर्नुपर्नेछ सो नगरेमा भुक्तान हुने दिन सम्मको लागत (व्याज) सहित खरिद गरेको रकम प्रथम पक्षले लिनेछ ।

३५. प्रथम पक्षले प्रचलित कानुनमा उल्लेख भएको अवस्थामा बाहेक दोस्रो पक्षको गोपनीयता कायम गर्नेछ ।

३६. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मत भिन्नताहरू को समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतिबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार संचालन विनियमावली २०७५ मा तोकिए बमोजिम हुनेछ ।

३७. दोस्रो पक्षले देहाय सुविधा उपयोग गरेबापत तोकेको शुल्क तिर्न मन्जुर गर्दछ ।

- अनलाईन कारोवार सुविधा
- एसमएस सुविधा
- अन्य

दोस्रो पक्षले उल्लेखित सुविधाहरु प्राप्त गर्न हरेक आर्थिक वर्षमा नवीकरण शुल्क तिर्नुपर्नेछ ।

३८. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

३९. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट ......................................................... सम्म कायम रहने छ र दुवै पक्षको सहमतीबाट सम्झौता पुनः नविकरण हुन सक्नेछ ।

४०. यो सम्झौता र राम्ररी पढी, बुझी दुवै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| प्रथम पक्षका तर्फबाट अधिकारप्राप्त | दोस्रो पक्षका तर्फबाट अधिकारप्राप्त (ग्राहक) |
| व्यक्तिको नामः | व्यक्तिको नामः |
| दस्तखतः | दस्तखतः |
| कम्पनीको नाम : हिमालयन ब्रोकरेज कम्पनी लि. | कम्पनीको छापः |

औंठा छाप :

| दाँया | बाँया |
|---|---|
| | |

साक्षी
प्रथम पक्षको दस्तखत ...............................................................................

साक्षी
दोस्रो पक्षको दस्तखत.................................................................

ईति सम्वत् ..........................................साल......................................... महिना ...........................गते रोज............................शुभम्